# लोक सेवा आयोग
# काठमाडौं कार्यालय

(परीक्षा शाखा)

अनामनगर, काठमाडौं

☎ ०१-४७७१९८१, ४७७१९८२, ४७७१९८४ फ्याक्स नं- ०१-४७७१९८३ वेवसाइट: www.psc.gov.np इमेल: kathmandu@psc.gov.np

## रा.प.अनं. द्वितीय श्रेणी (प्राविधिक), सहायक गाइड पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

**सूचना नं. ३२४।०७९-८०, मिति २०७९।१२।०३**

यस कार्यालयको विज्ञापन नम्बर १२०८९/०७८-७९ (खुला), नेपाल शिक्षा सेवा, पुरातत्व समूह, पुरातत्व उपसमूह, रा.प.अनं. द्वितीय श्रेणी (प्राविधिक), सहायक गाइड पदमा काठमाडौं परीक्षा केन्द्र राखी दरखास्त स्वीकृत भएका उम्मेदवारहरूको लिखित परीक्षा कार्यक्रम नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र लोक सेवा आयोगबाट स्वीकृत संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ (संशोधन सहित) को पालना गर्ने गराउने गरी तपशिलको मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको परीक्षा भवन बाहेक अन्य परीक्षा भवनहरुमा कुनै पनि उम्मेदवारहरुलाई सम्मिलित गराइने छैन। तोकिएको परीक्षा भवनमा परीक्षा शुरु हुनुभन्दा कम्तिमा १ (एक) घण्टा अगावै पुग्नु पर्नेछ ।

साथै सहयोगी लेखक आवश्यक पर्ने उम्मेद्वारहरुले सहयोगी लेखक माग गर्नु पर्ने कारण र प्रमाणसहितका कागजात संलग्न राखी लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८(१) बमोजिम परीक्षा सुरु हुने मिति भन्दा १० (दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ। परीक्षार्थीहरूले अनिवार्य रूपमा पालना गर्नुपर्ने विषयहरू द्रष्टव्य १ र २ मा तल उल्लेख गरिएको छ।

**परीक्षा कार्यक्रम**

| पत्र | विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | अवधि |
|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान र सामान्य अभिक्षमता परीक्षण (General Awareness & General Aptitude Test) | वस्तुगत (बहुवैकल्पिक प्रश्न) | २०७९।१२।२६ गते विहान ७:०० बजे | ४५ मिनेट |
| | सेवा सम्बन्धित कार्य ज्ञान (Job Based Knowledge) | | | |
| द्वितीय | सेवा सम्बन्धित कार्य ज्ञान (Job Based Knowledge) | विषयगत | २०७९।१२।२६ गते विहान ८:१५ बजे | २ घण्टा १५ मिनेट |

**परीक्षा भवन**

| क्र.सं. | उम्मेदवारहरूको रोल नं | संख्या | परीक्षा भवन |
|---|---|---|---|
| १ | ३१०००१ देखि ३१०००९ सम्म र बाँकी सवै उम्मेदवारहरु | ९ र बाँकी सवै | लोक सेवा आयोग, काठमाडौं कार्यालय, अनामनगर |

**द्रष्टव्य १:-**

१. आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन।

२. **परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ। साथै वस्तुगत उत्तरपुस्तिकामा सिसाकलम प्रयोग गर्न पाइने छैन ।**

३. **वस्तुगत बहुउत्तर(Multiple Choice) भएका प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital Letter)मा A, B, C, D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ।**

४. काठमाडौं परीक्षा केन्द्र राखी दरखास्त स्वीकृत भएका बाहेक अन्यत्र परीक्षा केन्द्रका परीक्षार्थीहरूलाई परीक्षामा सामेल गराईने छैन।

**क्रमश...**

लोक सेवा आयोग
# काठमाडौं कार्यालय
(परीक्षा शाखा)
अनामनगर, काठमाडौं
☎ ०१-४७७१९८१, ४७७१९८२, ४७७१९८४ फ्याक्स नं- ०१-४७७१९८३ वेवसाइटः www.psc.gov.np इमेलः kathmandu@psc.gov.np

५. परीक्षा भवनमा झोला, मोवाइल फोन र अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ। वस्तुगत परीक्षामा क्याल्कुलेटर प्रयोग गर्न पाइने छैन।
६. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेशपत्र अनिवार्य रूपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नुपर्नेछ।
७. परीक्षामा प्रवेश-पत्र सँगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र अनिवार्य रूपमा लिई आउनुपर्नेछ।

**द्रष्टव्य २ः- कोभिड-१९ संक्रमणबाट सुरक्षित रहन परीक्षार्थीले अनिवार्य पालना गर्नुपर्ने थप विषयहरू**

१. परीक्षा केन्द्रमा प्रवेश गर्नु अघि उम्मेदवार स्वयंले कम्तिमा मास्क, स्यानिटाइजर तथा आफ्नो लागि पिउने पानीको अनिवार्य व्यवस्था गर्नु पर्नेछ ।
२. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ ।
३. परीक्षार्थीहरू परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरिकन दूरी कायम गरी क्रमैसँग तोकिएको स्थानमा जानुपर्ने छ।
४. परीक्षार्थीहरू समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन।
५. कोभिड-१९ बाट तत्काल संक्रमित भएका परीक्षार्थीहरूका लागि विशेष केन्द्रको व्यवस्था गरिने हुँदा संक्रमित परीक्षार्थीले आफू संक्रमित भएको जानकारी कार्यालयको टेलिफोन नं. ०१-४७७१९८२ वा मोवाइल नं. ९८५८०४२२७१ वा ९८४४३०४७० मा सम्पर्क गरी अग्रिम जानकारी दिनु पर्नेछ।

| | | |
|---|---|---|
| (विपिन कुमार महासेठ) | (अभिराज डाँगी) | (चन्द्रकान्त निरौला) |
| कम्प्युटर अपरेटर | शाखा अधिकृत | उपसचिव |